नियम संख्या : १७

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/०८/२९

## कैलारी गाउँपालिका

# गाउँ कार्य पालिकाको कार्यालय

## हसुलिया, कैलाली

# नमुना विद्यालय संचालन

# निर्देशिका, २०७४

# नमुना विद्यालय संचालन

# निर्देशिका २०७४

**प्रस्तावना :-** सामुदायीक तथा सरकारी विद्यालय लाई व्यवहारीक र गुणस्तरीयता कायम गर्न , बालबालिकाको प्राथमिक रोजाईमा विद्यालयको विकास गर्न नमुना विद्यालयको आवस्यकता भएकोले विद्यालय क्षेत्रको विकास अवधारणा अनुसार नमुना विद्यालयको छनौट , विकास ,संचालन तथा व्यवस्थापन गर्न यो निर्देशिका जारी गरिएको छ ।

## परिच्छेद -१

**प्रारम्भिक :-**

१) **संक्षिप्त नाम र प्रारम्भ :** यस निर्देशिकाको नाम "नमुना विद्यालय संचालन निर्देशिका २०७४" रहेकोछ । छोटकरीमा (न.वि.सं.नि.२०७४)

२) यो नियामावली गाउाकार्यपालिकाले स्वीकृत गरे पछि तुरुन्त लागु हुनेछ ।

३) **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क) " ऐन " भन्नाले शिक्षा ऐन सम्झनु पर्छ ।

ख) " निरीक्षक " भन्नाले विद्यालयको निरीक्षण गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ ।

ग) " सामुदायिक विद्यालय" भन्नाले स्थानीय तह, व्यवस्थापन समिति वा सस्थाले जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

घ) " व्यवस्थापन समिति " भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

ङ) " शैक्षिक सत्र " भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराईने वार्षिक अवधि सम्झनु पर्छ ।

## परिच्छेद -२

४) **उदेश्य :-** यस नमुना विद्यालय संचालन का लागि देहाय बमोजिमको उदेश्य रहेको छ ।

क. प्रारम्भिक बाल शिक्षा तह ( प्राथमिक तह ) सम्मको विद्यालयलाई छनौट गरि भौतिक पूर्वाधार, प्रविधियुक्त निर्माण गर्ने ।

ख. बालबालिकाहरुको मनोविज्ञान लाइ बालमैत्री ,अपाङ्गमैत्री र वातावरणमैत्री निर्माण गर्ने ।

ग. शिक्षण सिकाइ व्यवस्थापन र अनुभवको आदान प्रदान गरि नमुना विद्यालय एवं सामुदायिक विद्यालय विच अन्तरसम्बन्ध कायम गर्ने ।

## परिच्छेद -३

**५. नमुना विद्यालय संचालन व्यवस्थापन र कार्यन्वयन समिति** :- (५.१ ) नमुना विद्यालय संचालन कार्यन्वयन र व्यवस्थापनका लागि देहाए बमोजिम समिति रहने छ ।

| | |
|---|---|
| क. गाउाकार्यपालिका अध्यक्ष | अध्यक्ष |
| ख. प्रसाशकिय प्रमुख | सदस्य सचिव |
| ग. शिक्षा शाखा प्रतिनिधि | सदस्य |
| घ. महिला बालबालिका शाखा प्रतिनिधि | सदस्य |
| ङ. गाउाकार्यपालिका को एक दलित सहित तिन जना | सदस्यहरु |

च. सम्बन्धित वार्ड अध्यक्ष र वि.व्य.स.अध्यक्ष लाइ आमन्त्रित गर्न सकिने छ ।

५.२. नमुना विद्यालयको संचालन ,व्यवस्थापन र कार्यान्वयन समितिको काम कर्तव्य देहाए बमोजिम हुनेछ ।

क. आफनो गाउापालिका भित्र संचालनमा रहेको नमुना विद्यालयको छनौट गरि सिफरिस गर्ने ।

ख. नमुना विद्यालयको शैक्षिक योजना सम्बन्धि अभिलेख अध्यावधिक गराउने र त्यस्तो योजनाको अनुगमन गरि सुझव दिने ।

ग. विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने ।

घ. आफनो गाउपालिका भित्र संचालनमा रहेको नमुना विद्यालयहरु बीच समन्वय गर्ने , गुणात्मक शिक्षाको विकासको लागि विद्यालयको सुपरिवेक्षण , अनुगमन गरि आवस्यक निर्देशन दिने ।

ङ. छनौट भएका विद्यालयको वि.व्य.स.लाई गुरु योजना निर्माण गर्न लगाउने सो स्वीकृत गर्ने ।

च. विद्यालय स्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन गराने र सोको लागि विद्यालय लाई प्रोत्साहित गर्ने ।

## परिच्छेद -४

### ६. नमुना विद्यालयको छनौट र आधार क्षेत्र :-

१) क्षेत्र र छनौटको आधार :-

(क) प्रारम्भिक बालशिक्षा नमुना विद्यालयको लागि कक्षागत न्यूनतम विद्यार्थी संख्याको कुलयोग पुगेको हुनु पर्ने ।

(ख) वि.व्य.स.गठन भई क्रियाशील भएको हुनु पर्ने ।

(ग) भौतिक र शैक्षिक पूर्वधारका निर्माणका निम्ति विद्यालय हाताभित्र वा हातासंग जोडिएको जग्गा हुनु पर्ने छ आफनै स्वामित्वमा नरहेको अवस्थाको जग्गा स्थलगत निरीक्षण गाउाकार्यपालिका बाट स्वीकृत गरि हुने छ ।

घ) बाढी ,पहिरो , भू-क्षय जस्तो प्रकोपको दृष्टिकोणले जोखिमपूण स्थान नरहेको हुनुपर्ने जोखिमपूर्ण रहेको नरहेको विवाद उत्पन्न भएमा प्राविधिकको सुझाव बमोजिम गरिने छ ।

ङ)	नमुनाविद्यालय संचालनको निम्ति बनेको मार्ग निर्देशन बमोजिम वि.व्य.स.को पर्तिबद्धता सहितको निर्णय पेश गर्नु पर्ने ।

च)	नमुना विद्यालयको विकास र संचालनमा आवस्यक सहयोग र समन्वय गर्ने सिफरिस पत्र विद्यालयले आवेदन साथ पेश गर्नु पर्ने ।

यस निर्देशीका बमोजिम नमुना विद्यालयको लागि स्थलगत निरक्षण गरि छनौट भएका विद्यालयहरुको देहाए बमोजिम नमुना विद्यालय संचालन ,कार्यन्वयन र व्यवस्थापन समिति मार्फत कार्यक्रम संचालन हुने छन ।

**क) शैक्षिक पूर्वधार :-**

१)	नमुना विद्यालय संचालनका लागि तहगत तथा विषयगत आवश्यता भएका बालबालिकाका लागि शिक्षकहरु लाई तालिमको व्यवस्था गरिने छ ।

२)	परियोजनामा अधारित आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षण सिकाई कियाकलाप संचालन गरिने छ ।

३)	शिक्षण सिकाइका लागि आवस्यक पर्ने उपयुक्त र पर्याप्त शैक्षिक सामाग्रीको व्यवस्था गरिने छ ।

४)	नमुना विद्यालय विच संजाल निर्माण गरि अनुभव आदान प्रदान गरिने छ ।

५)	विद्यालयको प्रत्येक वर्ष विद्यार्थी , अभिभावक ,शिक्षक सहित शैक्षिक अवलोकन र भ्रमण गराउनु पर्ने छ ।

६)	विद्यालय विकासको लागि मापदण्ड अनुसार शिक्षण भवन तथा कक्षाकोठा संख्या र पूर्वाधार उपलव्ध हुनेछ ।

७)	आधुनिक शिक्षण पद्धती अनुसार सिकाई कियाकलाप संचालन गर्न कक्षाकोठा र खेल तथा सिकाई सामाग्री कोठाको व्यवस्था हुने  छ ।

८)	विद्यार्थीका लागि विद्यालय छात्रवृति व्यवस्थापन अनुसारको सुविधा उपलब्ध गरिने छ ।

९)	सुचना प्रविधि प्रयोगशालाको व्यवस्था सहित प्रोजेक्टर लगायत उपकरण र कम्प्यूटरको व्यवस्था गरिने छ ।

१०)	प्राथमीक उपचारका लागि आवस्याक स्वास्थ्य सामाग्रीको व्यवस्था गरिने छ ।

११)	४० जना बराबर १ धारा र शौचालयको स्थापना र आपाङ्गमैत्री ,बालमैत्री ,लैङ्गीकमैत्री र वातावरणमैत्री विद्यालयको व्यवस्था गरिने छ ।

१२)	सास्कृतिक कार्यक्रम लगायतका क्रियाकलापहरु संचालन गरिने छ ।

१३)	सुरक्षित बालमैत्री र वाताारणमैत्री बनाउन घेरवार गरि हरित विद्यालय अवधारण प्रर्वद्धन गर्ने हुनुपर्ने छ ।

१४)	विद्यालय हाता भित्र बालउद्यान , करेसावारी तथा फूलवारीको व्यवस्था हुनेछ ।

१५)	नमुना विद्यालय संचालन ,व्यवस्थापन का लागि समितिको निर्देशन बमोजिम हुने छ ।

## परिच्छेद -५

### ७ विविध :-

क.	सहयोग गर्नु पर्ने :-यस निर्देशिका मुताविक नमुना विद्यालय संचालन का लागि शैक्षिक संघ सस्था तथा सरोकारवालाहरु सबैको कर्तव्य हुनेछ ।

ख)	निर्देशनको पालना : गाउाकार्यपालिका र नमुना विद्यालय संचालन व्यवस्थापन र कार्यन्वयन समितिको निर्देशन पालना गर्नु सम्बन्धित सरोकारवालाहरुको कर्तव्य हुने छ ।

ग)	निर्देशिका संसोधन गर्न सक्ने : गाउाकार्यपालिकाले यस नमुना विद्यालय संचालन निर्देशिकालाई समयानुकुल बनाउन वा आइपरेका समस्याको समाधान गर्नका लागि आवश्यकतानुसार यस निर्देशिका संसोधन गर्न सक्नेछ ।

घ)	वाधा अड्काउ फुकाउन अधिकार : यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा अवरोध आइपरेमा गाउाकार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्ने छ ।